# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ४०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## जिल्ला विकास समितिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई स्वायत्त शासन र विकास कार्यमा अधिकाधिक सरीक गराई स्थानीय तहदेखि नै बहुदलीय प्रजातन्त्रको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिबाट मात्र लागु हुनेछ।

संस्थागत विकास गर्दै सबैको समुन्नति गर्ने अभिभारा स्थानीय निकाय मार्फत स्थानीय जनतालाई नै सुम्पन प्रत्येक जिल्लामा जिल्ला विकास समिति गठन गरी मुलुकको सर्वाङ्गीण विकासमा टेवा पु-याउन वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>को शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद - १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "जिल्ला विकास समिति ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "जिल्ला परिषद" भन्नाले दफा ४ बमोजिम गठित जिल्ला परिषद सम्झनु पर्छ।

(ख) "जिल्ला विकास समिति" भन्नाले दफा ६ बमोजिम गठित जिल्ला विकास समिति सम्झनु पर्छ।

(ग) "सभापति" भन्नाले जिल्ला विकास समितिको सभापति सम्झनु पर्छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "उपसभापति" भन्नाले जिल्ला विकास समितिको उपसभापति सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले जिल्ला विकास समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सभापति तथा उपसभापतिलाई समेत जनाउनेछ।

(च) "सचिव" भन्नाले दफा ४९ बमोजिम श्री ५ को सरकारले जिल्ला विकास समितिको सचिव भई काम गर्न तोकेको कर्मचारी सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २
## जिल्ला विकास समितिको गठन

३. जिल्ला विकास समितिको क्षेत्र तोक्ने : श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कायम भएका प्रत्येक जिल्लालाई जिल्ला विकास समितिको क्षेत्र तोक्न सक्नेछ।

४. जिल्ला विकास समितिको इलाका विभाजन : (१) प्रत्येक जिल्ला विकास समितिको क्षेत्रलाई श्री ५ को सरकारले कम्तिमा नौ र बढीमा सत्र इलाकामा विभाजन गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम विभाजित जिल्ला विकास समितिको इलाकाहरूको सीमाना हेरफेर गर्नु परेमा श्री ५ को सरकारले सम्बन्धित विशेषज्ञ समेत रहेको आयोग या समिति गठन गरी सो को सिफारिशमा सीमाना हेरफेर गर्न सक्नेछ।

५. <u>जिल्ला परिषदको गठन</u> : (१) प्रत्येक जिल्लामा एउटा जिल्ला परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको जिल्ला परिषदमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-

(क) जिल्ला भित्रका प्रत्येक गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्ष,

(ख) जिल्ला भित्रका नगर-पालिकाका प्रमुख र उप-प्रमुख,

(ग) जिल्ला विकास समितिका सदस्यहरू।

(३) जिल्ला विकास समितिका सभापति र उपसभापति जिल्ला परिषदका पदेन सभापति र उपसभापति हुनेछन्।

६. <u>जिल्ला विकास समितिको गठन</u> : (१) प्रत्येक जिल्लामा जिल्ला परिषदको कार्यकारिणीको रूपमा जिल्ला विकास समितिको गठन हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित जिल्ला विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन :-

(क) जिल्लाको प्रत्येक इलाका भित्रका गाउँ विकास समिति र नगरपालिकाका सदस्य-हरुले आफू मध्येबाट प्रत्येक ईलाकाबाट एकजनाका दरले निर्वाचित सदस्यहरु,

(ख) जिल्लाका प्रत्येक गाउँ विकास समिति र नगर-पालिकाका सदस्यहरुले आफू मध्येबाट निर्वाचित सभापति र उपसभापति,

(ग) सम्बन्धित जिल्लाका संसद सदस्यहरु पदेन सदस्य।

७. <u>जिल्ला विकास समिति स्वशासित संगठित संस्था हुने</u> : (१) प्रत्येक जिल्ला विकास समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

(२) जिल्ला विकास समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) जिल्ला विकास समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच बिखन गर्न सक्नेछ।

(४) जिल्ला विकास समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

८. <u>सदस्यको पदावधि</u> : (१) जिल्ला विकास समितिको सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(२) जिल्ला विकास समितिको सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने सालको वैशाख १ गते देखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौं वर्षको चैत्र मसान्तमा पदावधि समाप्त भएको मानिनेछ।

(३) कुनै कारणवस निर्धारित समयमा जिल्ला विकास समितिको सदस्य पदको निर्वाचन सम्पन्न हुन नसकी अरु समयमा सम्पन्न भए पनि निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित भए सरह सम्झी पदावधिको गणना गरिनेछ।

(४) कुनै जिल्ला विकास समितिको सदस्य पद कुनै कारणवस रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उपनिर्वाचनद्वारा गरिनेछ

तर छ महीना भन्दा कम अवधिको लागि उपनिर्वाचन गरिने छैन।

९. <u>जिल्ला विकास समितिको सदस्यको लागि चाहिने योग्यता</u> : जिल्ला विकास समितिको सदस्यको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) गाउँ विकास समितिको वा नगर पालिकाको सदस्य भएको.


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१५५२

(ख) जिल्ला विकास समितिसंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ग) अन्य प्रचलित कानूनले अयोग्य नभएको,

१० <u>जिल्ला विकास समितिको सदस्यता कायम नरहने</u> : जिल्ला विकास समितिको सदस्यता देहायको अवस्थामा कायम रहने छैन :-

(क) आफू बसोबास गरेको क्षेत्र सम्बन्धित जिल्ला विकास समितिको क्षेत्रबाट झिकिएमा,

(ख) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा,

(ग) मनासिब माफिकको सूचना नदिइ लगातार तीन पटक जिल्ला विकास समितिको बैठकमा अनुपस्थित रहेमा।

(घ) राजीनामा दिएमा,

(ङ) मृत्यु भएमा, वा

(च) प्रचलित कानून बमोजिम अयोग्य भएमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. शपथ : सभापतिले जिल्ला न्यायाधीश समक्ष, उपसभापति र सदस्यहरूले सभापति समक्ष र सभापतिको अनुपस्थितिमा सदस्यहरूले उपसभापति समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

१२. पद त्याग गर्न सक्ने : सभापतिले उपसभापति मार्फत जिल्ला विकास समितिको बैठकमा लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछ। उपसभापति र सदस्यहरूले सभापति समक्ष लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछन्।

## परिच्छेद ३
## बैठक र कार्यप्रणाली

१३. जिल्ला परिषदको बैठक : (१) जिल्ला परिषदको बैठक साधारणतया वर्षमा एक पटक बस्नेछ।

(२) प्रत्येक वर्ष जिल्ला परिषदको बैठक फागुन मसान्त भित्र बोलाउनु पर्नेछ।

(३) बैठकको सूचना र विषय सूची बैठक बस्ने दिन भन्दा कम से कम पन्ध्र दिन अगाडि नै सभापतिको निर्देशनमा सचिवले सदस्यहरूलाई दिई सक्नु पर्नेछ।

(४) जिल्ला परिषदको बैठकको गणपूरक संख्या पचास प्रतिशत हुनेछ।

(५) गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा त्यसको भोलिपल्ट सोहि समयमा अर्को बैठक बोलाउनु पर्नेछ। सो बैठक बोलाउँदा बैठकको लागि गणपूरक संख्या एक तिहाई हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो गणपूरक संख्या पनि नपुगेमा त्यसको भोलि पल्ट बैठक बोलाउनु पर्नेछ। सो बैठक बोलाउँदा जतिसुकै सदस्य उपस्थित भए पनि बैठक सञ्चालन हुनेछ।

(६) जिल्ला परिषद्को एक तिहाई सदस्यहरूले मनासिब माफिकको कारण देखाई फलानो विषयमा बैठक गर्न पाउँ भनी सभापति समक्ष लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले तीस दिन भित्र सभापतिले बैठक बोलाउनु पर्नेछ।

(७) जिल्ला परिषद्को बैठकको सभापतित्व सभापतिले गर्नेछ र निजको अनुपस्थितिमा उपसभापतिले र दुबैको अनुपस्थितिमा सदस्यहरू मध्येबाट छानिएको सदस्यले बैठकको सभापतित्व गर्नेछ।

(८) जिल्ला परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१४. <u>जिल्ला विकास समितिको बैठक</u> : (१) जिल्ला विकास समितिको बैठक महीनामा कम्तिमा एक पटक बस्नेछ।

(२) जिल्ला विकास समितिको बैठक सभापतिको निर्देशनमा सचिवले बोलाउनेछ।

(३) जिल्ला विकास समितिको बैठकको सभापतित्व सभापतिले, निजको अनुपस्थितिमा उपसभापतिले गर्नेछ। दुबै जना अनुपस्थित भएमा उपस्थित सदस्यहरू मध्येबाट छानिएको सदस्यले बैठकको सभापतित्व गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिबाट गरिनेछ मात्र लागु हुनेछ।

(४) पचास प्रतिशत सदस्यहरूले जिल्ला विकास समितिको बैठक बोलाईं पाउँ भनी लिखित अनुरोध गरेमा त्यसरी अनुरोध गरेको मितिले सात दिन भित्र सभापतिले जिल्ला विकास समितिको बैठक बोलाउनु पर्नेछ।

१५. जिल्ला विकास समितिको बैठकको लागि गणपूरक संख्या : (१) जिल्ला विकास समितिको पदेन सदस्य बाहेक सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा जिल्ला विकास समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(२) गणपूरक संख्या नपुगेको कारणले दोश्रो पटक बैठक बोलाउँदा पनि गणपूरक संख्या नपुगेमा तेस्रो पटक बैठक बोलाउँदा एक तिहाई सदस्यहरु उपस्थित भए पनि बैठक गर्न सकिनेछ।

१६. बैठकको निर्णय : (१) जिल्ला विकास समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यहरुको बहुमतको आधारमा गरिनेछ।

(२) जिल्ला विकास समितिको बैठकमा मत बराबर भएमा बैठकको सभापतित्व गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(३) पदेन सदस्यहरूले मतदानमा भाग लिन पाउने छैनन्।

(४) जिल्ला विकास समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद ४
## काम, कर्तव्य र अधिकार

१७. जिल्ला परिषदको काम, कर्तव्य र अधिकार : (१) जिल्ला परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला विकास समितिले प्रस्तुत गरेको अनुमानित आय, व्यय (बजेट), वार्षिक योजना एवं कार्यक्रम पारित गर्ने,

(ख) जिल्ला विकास समितिले प्रस्तुत गरेको कर, दस्तुर, शुल्क, महसूल चन्दा तथा आन्तरिक श्रोत सम्बन्धी प्रस्ताव पारित गर्ने,

(ग) जिल्ला विकास समितिबाट संचालित जिल्ला विकास योजना सम्बन्धी कार्यक्रमहरुको मूल्यांकन गरी आवश्यक निर्देशन दिने,

(घ) जिल्ला विकास समितिबाट प्रस्तुत विनियम पारित गर्ने,

(ङ) लेखापरीक्षणबाट कायम भएका बेरुजू माथि छलफल गरी प्रचलित कानून बमोजिम नियमित गर्न नमिल्ने बेरुजूको हकमा बेरुज फछ्र्यौटको लागि आवश्यक कारवाही गर्न जिल्ला विकास समितिलाई निर्देशन दिने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) जिल्ला विकास समितिलाई आवश्यक पर्ने दरबन्दीहरु स्वीकृत गर्ने,

(छ) जिल्लाको र जिल्लावासीको सामान्य हित र कल्याणका लागि जिल्लाका सम्पूर्ण विकास कार्यहरूका सम्बन्धमा विश्लेषण र मूल्यांकन गरी श्री ५ को सरकारलाई आफ्नो मन्तव्य सहित जानकारी दिने,

(ज) जिल्ला विकास समितिले प्रस्ताव गरेको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा सम्बन्धमा आवश्यक भए संशोधन गरी जिल्ला विकास समितिको प्रशासनिक खर्चको हद भित्र रही स्वीकृति दिने, र

(झ) आफूमा रहेका केही अधिकार जिल्ला विकास समितिलाई प्रत्यायोजन गर्ने।

(२) जिल्ला परिषदले श्री ५ को सरकारको नीति र निर्देशन पालन गर्नु पर्नेछ।

१८. <u>जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार</u> : (१) जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला भित्रका सरकारी तथा अर्ध सरकारी कार्यालयहरुद्वारा संचालन गरिने विकाससंग सम्बन्धित जिल्ला स्तरीय कार्यक्रमहरु तोकिए

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम तर्जुमा गरी स्वीकृतिको लागि जिल्ला परिषदमा पेश गर्ने र स्वीकृत भएपछि सो को संचालन रेखदेख, मूल्यांकन आदि गर्ने र निर्देशन दिने,

(ख) गैर सरकारी संस्थाहरूबाट जिल्लामा संचालन गरिने कार्यक्रमहरू बीच समन्वय र सामन्जस्य ल्याई संचालन गर्ने, गराउने।

(ग) जिल्ला विकास कार्यक्रम संचालन गर्न आवश्यक प्राविधिक र व्यवस्थापन सम्बन्धी जनशक्तिको विकासको लागि कार्यक्रमहरू संचालन गर्ने तथा विकासको लागि जन चेतना र जन सहभागिताको बृद्धि गर्न जन चेतना अभिबृद्धि कार्यक्रमहरू संचालन गर्ने।

(घ) श्री ५ को सरकारबाट प्राप्त अनुदानबाट जिल्ला स्तरीय तथा नगर र गाउँ स्तरीय कार्यक्रमहरू संचालन गर्ने, गराउने र नगर-पालिका तथा गाउँ विकास समितिहरूको विकास कार्यक्रम सम्बन्धमा रेखदेख गर्ने तथा निर्देशन दिने।

(ङ) जिल्ला स्तरीय कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने।

(च) गाउँ विकास समितिको लेखा-परीक्षण गराउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिपछि मात्र लागु हुनेछ।

(छ) अनुमानित आय, व्यय, अनुदानको बाँडफाँड, योजना र कार्यक्रमहरूको तर्जुमा गरी जिल्ला परिषदमा पेश गर्ने।

(ज) गाउँ विकास समितिको लेखा-परीक्षणबाट देखाइएका बेरूजूहरू प्रचलित कानून बमोजिम नियमित गर्न मिल्ने भए नियमित गर्ने, नियमित गर्न नमिल्ने बेरूजूको हकमा जिल्ला परिषदमा पेश गरी जिल्ला परिषदको निर्णयानुसार आवश्यक कारवाही गर्ने।

(झ) गाउँ स्तरीय योजना संचालनमा विवाद उठी गाउँ विकास समितिबाट टुंगो लाग्न नसकी जिल्ला विकास समितिमा पेश भएमा आवश्यक छानबीन गरी विवादको टुंगो लगाउने।

(ञ) गाउँ विकास समितिहरू बीच सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद उठेमा छानबीन गरी टुंगो लगाउने।

(ट) नगरोन्मुख गाउँहरू तोकी तिनको भौतिक विकास योजनाबद्ध रूपमा गर्न निर्देशन दिन सक्नेछ।

(ठ) विभिन्न जाती, भाषा, धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जिल्ला विकास समितिले स्वीकृत गरेको बजेटको परिधि भित्र रही कुनै संघ, संस्थालाई कार्यक्रम स्वीकृत गरी अनुदान दिन सक्नेछ।

(३) जिल्ला विकास समितिले यस ऐनको अधीनमा रही सरकारी वा स्वदेशी गैर सरकारी संस्थासंग तोकिए बमोजिम सम्झौता गरी विकास निर्माणका कामहरु गर्न सक्नेछ । त्यसरी भएको सम्झौताको सूचना श्री ५ को सरकारलाई दिनु पर्दछ।

(४) यस ऐनमा लेखिए बाहेक जिल्ला विकास समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. <u>उपसमिति गठन गर्न सक्ने</u> : (१) जिल्ला विकास समितिले आफ्नो कार्यमा सहयोग पु-याउन आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिमा उपभोक्ता समूहका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, महिला, पिछडिएका वर्ग, बुद्धिजिवी तथा समाजसेवी समेत रहन सक्नेछन्।

(३) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि जिल्ला विकास समितिले तोकिदिए बमोजिम हुनेछ।

२०. <u>सभापतिको काम, कर्तव्य र अधिकार</u> : (१) सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जिल्ला परिषद र जिल्ला विकास समितिको बैठक बोलाउन सचिवलाई निर्देशन दिने।

(ख) बैठकमा प्रतिवेदन र प्रस्ताव पेश गर्ने, गराउने।

(ग) जिल्ला विकास समितिको बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्न आवश्यक व्यवस्था मिलाउने।

(घ) जिल्ला परिषद र जिल्ला विकास समितिको निर्णय कार्यान्वयन गराई प्रगति विवरण तयार गर्न लगाउने।

(ङ) जिल्ला स्तरीय विषयगत कार्यक्रमको रेखदेख र समन्वय गर्ने, गराउने।

(च) जिल्ला विकास समितिका तर्फबाट आवश्यक सिफारिशहरू गर्ने।

(छ) आफू जिल्ला बाहिर जाँदा वा कुनै कारणवश कार्यभार सम्हाल्न नसक्ने अवस्था परेमा सचिवलाई जानकारी दिने।

(ज) जिल्ला स्तरीय कार्यक्रमको सन्दर्भमा सदस्य, सचिव वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४६२

जिल्ला विकास समितिको कुनै कर्मचारीलाई काज खटाउने।

(ञ) नगरपालिका र गाउँ विकास समितिको निरीक्षण तथा समन्वय गर्ने, र

(ट) श्री ५ को सरकारले सुम्पेको अन्य कार्य गर्ने।

(२) सभापतिले जिल्ला भित्रका विकास निर्माण कार्यक्रम सन्दर्भमा सात दिनसम्म जिल्ला भित्र आफै काज स्वीकृत गरी जान सक्नेछ।

तर आफ्नो जिल्ला बाहिर जानु परेमा जिल्ला विकास समितिबाट पारित गराई काजमा जान सक्नेछ।

२१. <u>उपसभापतिको काम, कर्तव्य र अधिकार</u> : उपसभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभापतिको अनुपस्थितिमा कार्यवाहक सभापति भई कार्य गर्ने, र

(ख) तोकिएको अन्य कार्य गर्ने, गराउने।

२२. <u>सदस्यको काम, कर्तव्य र अधिकार</u> : सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो इलाका भित्रका नगरपालिका र गाउँ विकास समितिले तयार गरेको योजना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्ला विकास योजनामा समावेश गर्न लगाउने,

(ख) आफ्नो इलाका भित्रका नगरपालिका र गाउँ विकास समितिको समय समयमा निरीक्षण गर्ने,

(ग) आफ्नो इलाका भित्रका गाउँ विकास समिति र जिल्ला विकास समितिको विभिन्न सरकारी तथा गैर सरकारी सामाजिक संस्थाहरू र उपभोक्ता समूह बीच समन्वय कायम राख्ने व्यवस्था मिलाउने,

(घ) आफ्नो इलाका भित्रका विकास तथा निर्माण कार्यमा भएका प्रगति सम्बन्धमा आफ्नो सुझाव सहितको लिखित जानकारी जिल्ला विकास समितिमा पेश गर्ने, र

(ङ) उपभोक्ता समूह तथा गैर सरकारी संस्थाहरू गठन गर्न स्थानीय जनतालाई प्रोत्साहित गर्ने र तिनलाई विकास कार्यक्रममा परिचालन गर्ने।

२३. <u>सचिवको काम, कर्तव्य र अधिकार</u> : सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जिल्ला परिषद र जिल्ला विकास समितिको सचिव भई कार्य गर्ने।

(ख) जिल्ला विकास समितिको निर्णयलाई सभापतिको सामान्य रेखदेखमा रही कार्यान्वयन गर्ने, गराउने।

(ग) जिल्ला विकास योजनाको कार्यान्वयन, निरीक्षण तथा प्रगति मूल्यांकन गर्ने, गराउने।

(घ) गाउँ विकास समितिको प्रशासनिक, लेखा व्यवस्था तथा विकास कार्यक्रमको निरीक्षण गर्ने, गराउने।

(ङ) जिल्ला परिषद, जिल्ला विकास समिति र अन्य उपसमितिको बैठकको निर्णयहरू सम्बन्धित पदाधिकारी र मन्त्रालयमा पठाउने।

(च) जिल्ला स्तरीय कार्यक्रमको प्रगति निरीक्षण गरी समीक्षा गर्ने, गराउने।

(छ) गाउँ विकास समिति, नगरपालिका जिल्ला परिषद तथा जिल्ला विकास समितिको सदस्यको पद रिक्त भई निर्वाचन गराउनु परेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित निकायलाई जानकारी गराउने।

(ज) जिल्ला विकास समितिको कार्यालयको प्रशासकीय प्रमुख भई काम गर्ने, गराउने।

(झ) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम सुम्पेको वा तोकेको अन्य काम गर्ने।

## परिच्छेद ५
## आर्थिक व्यवस्था

२४. जिल्ला विकास समितिको कोष : (१) जिल्ला विकास समितिको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त हुने नगद तथा वस्तुगत अनुदानको रकम,

(ख) जिल्ला विकास समितिले आफ्नो क्षेत्र भित्र रहेका नदी नालाका बालुवा, गिट्टी, ढुङ्गा, माटो, दहत्तर, बहत्तर आदि तोकिए बमोजिम बिक्री गरी आर्जन गरेको रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्लामा प्राप्त प्रचलित कानून बमोजिम निषेधित जीव जन्तु बाहेक अन्य मृत जीव जन्तुको हाड, सिङ, प्वाँख छाला आदिको बिक्रीबाट आर्जित रकम,

(घ) जिल्ला विकास समितिले निर्माण गरेका वा जिल्ला विकास समितिलाई हस्तान्तरण हुन आएका सडक, पुल, सिंचाइ, कुलो आदिमा लगाएको करबाट प्राप्त रकम,

(ङ) जिल्लामा रहेका नदीहरूमा जल विहार अनुमति शुल्क तथा डुंगा तुइन, माछा मार्ने ठेक्का आदिबाट प्राप्त हुने रकम,

(च) श्री ५ को सरकारबाट निर्धारित मालपोत र विकास शुल्कको रकम,

(छ) जिल्ला विकास समितिको चल अचल सम्पत्ति बिक्री, बहाल, भाडा, ब्याज आदिबाट उठेको रकम

(ज) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त उपहार, चन्दा, अनुदान वा सहायताको रकम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) विभिन्न किसिमका सेवा शुल्क र दण्ड जरिवानाबाट उठेको रकम,

(ञ) जिल्ला विकास समितिले संचालन गरेका आयमूलक कार्यक्रमबाट प्राप्त रकम,

(ट) जिल्ला विकास समितिले विभिन्न कोष तथा संस्थासित लिएको ऋण र सापटी रकम,

(ठ) दफा २८ बमोजिम लगाइने कर दस्तूरबाट प्राप्त रकम, र

(ड) अन्य स्रोतबाट प्राप्त रकम।

(३) जिल्ला विकास समितिको कोषमा रहेको रकम नजिकैको बैंकमा राखिनेछ।

२५. <u>जिल्ला विकास समितिको कोषको रकम खर्च गर्ने तरिका</u> : (१) जिल्ला विकास समितिको कोषको संचालन सचिव र जिल्ला विकास समितिका लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) सभापतिले स्वीकृत बजेटको परिधि भित्र रही आर्थिक सहायतामा तोकिए बमोजिमको रकम खर्च गर्न सक्नेछ।

(३) सचिवले जिल्ला परिषदले पारित गरेको बजेटको अधीनमा रही जिल्ला विकास समितिको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जिल्ला विकास समितिको कोषको रकम खर्च गर्दा जिल्ला परिषदले पारित गरेको बजेटको अधीनमा रही प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

(५) विकास कार्यक्रम संचालन गर्दा विषयगत कार्यक्रमका लागि प्राप्त रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ अन्य कार्यक्रम र शीर्षकमा खर्च गर्न पाइने छैन।

(६) लेखा प्रमुखले प्रचलित कानून बमोजिम जिल्ला विकास समितिको आम्दानी खर्चको लेखा राख्नु पर्नेछ र त्यसको लेखापरीक्षण गराउनु पर्नेछ।

(७) जिल्ला विकास समितिको प्रशासनिक खर्च तोकिए बमोजिम हुनेछ।

२६. <u>जिल्ला विकास समितिले लगाउन पाउने कर, दस्तुर, महसूल, शुल्क इत्यादि</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला विकास समितिले जिल्ला परिषदबाट पारित दरमा देहाय बमोजिम कर, दस्तूर महसूल, शुल्क इत्यादि उठाउन पाउनेछ :-

(क) आफ्नो क्षेत्रभित्र आफूले बनाएको वा हस्तान्तरण भई आएको बाटो, पुल, पोखरी आदि वा सवारी साधनमा सेवा शुल्क,

(ख) आफ्नो जिम्मामा रहेका अतिथि गृह, पुस्तकालय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिकित्सालय, धर्मशाला, सभागृह आदिको शुल्क,

(ग) आफूले निर्माण गरेका कुलो, पैनी, बांध उपभोक्ताहरूबाट सेवा शुल्क,

(घ) पानी घट्टको दर्ता शुल्क,

(ङ) रेडियो, टेलिभिजन, भिडियो आदिको लाइसेन्स दस्तुर र निवेदन दस्तुर,

(च) उन, खोटो, जडिबुटी, वनकस (खर) आदिमा लगाइने कर,

(छ) श्री ५ को सरकारले तोकेको दरमा स्थानीय विकास शुल्क, र

(ज) श्री ५ को सरकारले जिल्ला विकास समितिले उठाउन पाउने गरी तोकेको अन्य शुल्क, दस्तुर।

२७. <u>निर्माण, खरिद तथा अन्य ठेक्का पट्टा स्वीकृतिको व्यवस्था</u> : निर्माण, खरिद, ठेक्का पट्टा तथा अन्य आर्थिक कारोवार प्रचलित कानूनको प्रकृया अनुसार हुनेछ।

२८. <u>रकमान्तर</u> : (१) जिल्ला परिषदबाट पारित वार्षिक बजेट शीर्षकको बीस प्रतिशतमा नबढाई जिल्ला विकास समितिले रकमान्तर गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर भैपरी आउने र आर्थिक सहायता शीर्षकमा रकमान्तर हुने छैन।

(२) भैपरी आउने रकमको खर्च तोकिए बमोजिम हुनेछ।

२९. लिलाम बिक्रीको व्यवस्था : जिल्ला परिषदबाट स्वीकृत नीति अनुसार जिल्ला विकास समितिलाई काम नलाग्ने सरसामानको लिलाम बिक्री प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

३०. बजेटको बाँकी रकम : एक आर्थिक वर्षमा खर्च हुन नसकि बाँकी रहन गएको बजेटको रकम चालु वर्षमा अधुरा रहेका आयोजना र कार्यक्रम संचालन गर्नको लागि आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नु पर्नेछ।

३१. जिल्ला विकास समितिको आय व्ययको विवरण : (१) जिल्ला विकास समितिले जिल्लामा आन्तरिक स्रोत साधन, मालपोत रकम, स्थानीय विकास शुल्क, दान, चन्दा, सहायता, उपहार, अन्य कर, दस्तुर, महसूल, शुल्क तथा सम्पत्ति वा साधन स्रोत बिक्री, ऋण, अनुदानबाट प्राप्त हुने रकम छुट्टा छुट्टै देखिने गरी श्रेस्ता राख्नु पर्नेछ।

(२) आय व्ययको शीर्षक र हिसाबको श्रेस्ता श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राख्नु पर्नेछ।

३२. प्रशासनिक खर्चको हद : श्री ५ को सरकाले विशेष रूपले किटान गरी खर्च गर्न स्वीकृति दिएमा बाहेक श्री ५ को सरकारले दिएको अनुदान रकम तोकिए बमोजिमको प्रतिशत भन्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बढने गरी प्रशासनिक काममा खर्च गर्न पाउने छैन।

३३. <u>सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा</u> : सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

३४. <u>जिल्ला विकास समितिले अनुदान दिन सक्ने</u> : (१) जिल्ला विकास समितिले आफूलाई प्राप्त हुने अनुदान रकम तोकिए बमोजिम गाउँ स्तरका कार्यक्रमहरूमा खर्च गर्न गाउँ विकास समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा कार्यक्रमको माग जनसंख्या, भौगोलिक विकटता, आन्तरिक स्रोतको सीमितता आदिलाई ध्यानमा राख्नु पर्नेछ।

३५. <u>जिल्ला विकास समितिको सम्पत्ति</u> : जिल्ला विकास समितिको कोषबाट बनेको वा खरिद भएको वा थुपारिएको वा जिल्ला विकास समितिलाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छाडी दिएको सबै सम्पत्ति र कुनै व्यक्ति विशेषको हक नभएको र श्री ५ को सरकारको नियन्त्रणमा नरहेको शहरी क्षेत्र बाहिरको सडक जिल्ला विकास समितिको सम्पत्ति हुनेछ र जिल्ला विकास समितिले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछ।

तर यस दफा बमोजिमको अचल सम्पत्ति जिल्ला विकास समितिले श्री ५ को सरकारको स्वीकृति बिना बेच बिखन गर्न वा अरू कुनै व्यहोराले हक छाडी दिन पाउने छैन। स्वीकृति बिना बेच बिखन गरी दिएमा वा हक छाडी दिएमा जुनसुकै अवस्थामा पनि बदर हुनेछ।

9262



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. लेखापरीक्षण : (१) जिल्ला विकास समितिको आय व्ययको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(२) जिल्ला विकास समितिको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट वा महालेखा परीक्षकको स्वीकृतिमा जिल्ला विकास समितिले दर्तावाला लेखापरीक्षकबाट लेखापरीक्षण गराउन सक्नेछ।

परिच्छेद - ६

योजना तर्जुमा र कार्यान्वयन प्रकृया

३७. जिल्ला विकास योजनाको तर्जुमा : (१) प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासको लागि प्रत्येक वर्ष जिल्ला विकास योजना तर्जुमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना तर्जुमा गर्दा निम्न बमोजिमको कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा हुने तथा रोजगार प्रवर्द्धन हुने र आयमूलक कार्यक्रमहरू।

(ख) कृषि उत्पादन बृद्धि गर्न सघाउ पु-याउने कार्यक्रमहरू।

(ग) स्थानीय साधन, शीप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रमहरू।

(ङ) महिला र बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरू।

(३) योजना तर्जुमाको अन्य प्रकृया तोकिए बमोजिम हुनेछ।

३८. <u>आयोजनाको संभाव्यता अध्ययन गर्नु पर्ने</u> : जिल्ला विकास समितिले जिल्ला विकास योजना कार्यान्वयन गर्ने क्रममा देहाय बमोजिमका कुराहरू समेत खुलाई आयोजनाको संभाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,

(ग) छनौट गर्न लागिएको आयोजना सो जिल्लामा पहिले संचालन भई अधुरो रहेको हो, होइन,

(घ) आयोजना संचालन नगरी अन्य कुनै उपायबाट समस्या समाधान हुन्छ, हुँदैन,

(ङ) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च तथा सामग्रीको मूल्यको अनुमान,

9264



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(छ) उपभोक्ताबाट पछि उठ्न सक्ने शुल्क वा मर्मत संभार खर्च, र

(ज) अन्य खुलाउनु पर्ने कुनै कुरा भए सो।

३९. आयोजनाको छनौट : (१) आयोजनाको छनौट गर्दा दफा ३८ बमोजिमको आयोजना संभाव्यता अध्ययन प्रतिवेदनको आधारमा छनौट गर्नु पर्नेछ।

(२) आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा संवर्द्धन गर्ने किसिमले आयोजनाको छनौट गर्नु पर्नेछ।

(३) आयोजना छनौट गर्दा बढी भन्दा बढी स्थानीय वासिन्दाहरूको सहभागिता र श्रम आवश्यक पर्ने आयोजनाहरू छनौट गर्नु पर्नेछ।

(४) श्री ५ को सरकारबाट प्राप्त हुन सक्ने अनुदानको अनुमान प्राप्त भएपछि प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्नेछ।

(५) छनौट भएका आयोजनाको जानकारी जिल्लाबासीहरूलाई गराउनु पर्नेछ।

(६) आयोजनाको छनौट गर्दा जिल्लाका विभिन्न विकास सम्बन्धी निकायका प्रमुखहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

समेत रहेको तोकिए बमोजिमको जिल्ला विकास आयोजना समन्वय समितिबाट प्राविधिक सम्भाव्यता बारे राय प्राप्त गर्नु पर्नेछ।

४०. जिल्ला विकास योजनाको संचालन : (१) जिल्ला स्तरीय योजनाहरू देहाय बमोजिम संचालन हुनेछन् :-

(क) श्री ५ को सरकारद्वारा जिल्ला स्तरीय कार्यालयहरूका लागि प्राप्त हुने रकमबाट,

(ख) श्री ५ को सरकारले विषय नतोकी जिल्ला विकास समितिलाई प्रदान गर्ने रकमबाट,

(ग) जिल्ला विकास समितिको आफ्नै स्रोतबाट,

(घ) जिल्ला विकास समितिले प्राप्त गरेको ऋणबाट,

(ङ) सरकारी वा गैर सरकारी संस्थाको सहयोगबाट।

(२) जिल्ला विकास समितिले आयोजना छनौट गरेपछि संचालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(३) गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रम जिल्ला विकास समितिसित समन्वय गरी संचालन गराउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ को सरकारको अनुदानबाट संचालित आयोजना श्री ५ को सरकारको बजेट पारित भएपछि संचालन हुनेछन्।

(५) जिल्ला विकास समितिले संचालन गर्ने कार्यक्रममा गैर सरकारी संस्थाहरूको लगानी समेत रहने अवस्थामा सोही संस्थाले आयोजना संचालन गर्न सक्नेछ।

४१. <u>आयोजनाको वर्गीकरण</u> : आयोजनालाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ -

(क) स्थानीय स्रोतबाट संचालन हुने आयोजना,

(ख) श्री ५ को सरकारको अनुदान र स्रोत साधन समेत समावेश भएको आयोजना,

(ग) गैर सरकारी संस्थाबाट संचालन हुने आयोजना।

४२. <u>जिल्ला विकास योजनाको कार्यान्वयन</u> : (१) श्री ५ को सरकारले वार्षिक कार्यक्रम र बजेट पारित भएपछि जिल्ला विकास योजना कार्यान्वयन गराउन आवश्यक मार्गदर्शन सहित निकासा पठाउनु पर्नेछ।

(२) जिल्ला परिषदबाट पारित कार्यक्रम जिल्ला विकास समितिको निर्देशनमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) योजना कार्यान्वयन गर्ने जिम्मेवारी आयोजना पेश गर्ने कार्यालय, गाउँ विकास समिति वा उपभोक्ता समूहको हुनेछ।

(४) जिल्लास्तरीय योजना अन्तर्गतका आयोजनाहरू उपभोक्ता समूह मार्फत कार्यान्वयन तथा संचालन गराउन सकिनेछ।

४३. <u>निर्देशन पालन गर्नु पर्ने</u> : जिल्ला विकास समितिले जिल्ला विकास योजना तर्जुमा र संचालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोगले समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ।

४४. <u>उपभोक्ता समूह गठन गर्न सक्ने</u> : (१) जिल्ला विकास योजना अन्तर्गतका आयोजनाहरू कार्यान्वयन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरू मध्येबाट जिल्ला विकास समितिले सम्बन्धित निकाय मार्फत उपभोक्ता समूह गठन गर्न सक्नेछ।

(२) उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४५. <u>उपभोक्ता समूह तथा गैर सरकारी संस्थाले आयोजना संचालन गर्ने बारे</u> : (१) उपभोक्ता समूह तथा गैर सरकारी संस्थाले आयोजनाहरू कार्यान्वयन र संचालन गर्दा जिल्ला विकास समितिसंग समन्वय राखी गर्नु पर्नेछ।

(२) जिल्ला विकास समितिले उपभोक्ता समूह तथा गैर सरकारी संस्था मार्फत आयोजना कार्यान्वयन र संचालन गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपभोक्ता समूह तथा गैर सरकारी संस्थाले आफ्नो कारोवारको हिसाब किताब तथा लेखा अद्यावधिक गरी राख्नु पर्नेछ।

(४) उपभोक्ता समूह तथा गैर सरकारी संस्थाले आफ्नो आर्थिक कारोबारको लेखाको प्रतिवेदन जिल्ला विकास समितिलाई दिनु पर्नेछ र लेखापरीक्षण गराउने जिम्मेवारी आयोजना कार्यान्वयन गर्ने निकाय र जिल्ला विकास समितिको हुनेछ।

(५) आयोजनाको लगत इष्टिमेट तोकिए बमोजिम गर्नु पर्नेछ।

(६) उपभोक्ता समूह तथा गैर सरकारी संस्थाले आयोजना जाँचपास भई फरफारक भएपछि आयोजनाको मर्मत र संभारका लागि प्रत्येक उपभोक्ताबाट आवश्यक शुल्क उठाई बैंकमा जम्मा गर्न सक्नेछ।

## परिच्छेद - ७
## आयोजना जाँचपास र फरफारक

४६. जाचपास तथा फरफारक : (१) आयोजना सम्पन्न भएपछि आयोजनाको जांचपास र फरफारक गर्नु गराउनु पर्नेछ।

(२) आयोजना संचालन गर्ने निकायबाट आयोजना सम्पन्न भएको जानकारी जिल्ला विकास समितिलाई प्राप्त भएपछि प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन र मूल्यांकनको आधारमा जिल्ला विकास समितिले आयोजनाको जांचपास र फरफारक गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

४७. आयोजनाको संचालन तथा मर्मत संभार : (१) जिल्ला विकास समितिले सम्पन्न भई सकेका आयोजनाहरूको संचालनको लागि सम्बन्धित निकायलाई हस्तान्तरण गरी संचालन तथा मर्मत संभार गर्न गराउन सक्नेछ।

(२) ठूला आयोजनाहरूको संचालन तथा मर्मत संभारको कार्य सम्बन्धित निकायले बांडफांड गरी गर्ने निर्णय भएमा जिल्ला विकास समितिको प्राविधिक तथा वित्तीय स्रोत समेत विचार गरी मर्मत संभारको कार्य संयुक्त रूपले गर्न सकिनेछ।

(३) आयोजनाबाट उठने शुल्क उठाउने जिम्मा आयोजना संचालन र मर्मत संभार गर्ने निकायको हुनेछ।

(४) जिल्ला विकास समितिले उपभोक्ताहरूबाट उठाउने सेवा शुल्क तथा मर्मत संभार खर्च जिल्ला परिषदले निर्णय गरे बमोजिम हुनेछ। यस्तो शुल्क निर्धारण गर्न आवश्यक प्राविधिक र अन्य सहयोग सम्बन्धित निकायहरूबाट प्राप्त गर्न सकिनेछ।

४८. जिल्ला विकास समितिले रेखदेख गर्ने : जिल्ला विकास समितिले जिल्लास्तरीय योजना तथा कार्यक्रमको सम्बन्धमा विकाससित सम्बन्धित जिल्लास्तरीय कार्यालयद्वारा संचालित विकास कार्यको रेखदेख गर्नेछ। जिल्लास्तरीय विकास कार्यको सम्बन्धमा जिल्ला विकास समितिले सम्बन्धित कार्यालयहरूबाट भए गरेका कार्यमा स्पष्ट पार्न लगाउन सक्नेछ। जिल्ला विकास समितिले चौमासीक तथा वार्षिक रूपमा आयोजनाहरूको मूल्यांकन गरी सो को विवरण आफ्नो समीक्षालयमा राख्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ८
## कर्मचारी तथा प्रशासनिक व्यवस्था

४९. सचिवको नियुक्ति : श्री ५ को सरकारले जिल्ला विकास समितिको दैनिक कार्य संचालनको लागि सचिवको काम गर्ने गरी स्थानीय विकास अधिकारी तोक्न सक्नेछ।

५०. प्रशासनिक नियन्त्रण : जिल्ला विकास समितिका सबै कर्मचारीहरू सचिवको नियन्त्रणमा रहने छन्।

५१. कर्मचारीको दरबन्दी र नियुक्ति : (१) श्री ५ को सरकारले जिल्ला विकास समितिको लागि आवश्यक पर्ने अन्य प्रशासनिक तथा प्राविधिक कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

(२) जिल्ला विकास समितिले श्री ५ को सरकारले नियुक्ति गरेका कर्मचारी बाहेक जिल्ला विकास समितिको कोषबाट पारिश्रमिक तथा सुविधा पाउने गरी श्री ५ को सरकारबाट स्वीकृत भएको दरबन्दीमा आवश्यकता अनुसार कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(३) जिल्ला विकास समितिले आफ्नो कोषबाट व्यहोर्ने गरी भर्ना गरिने कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, बर्खासी तथा सेवाको अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

(४) श्री ५ को सरकारले नियुक्ति गरेका कर्मचारीहरूको तलब भत्ता र अन्य सुविधाका लागि श्री ५ को सरकारले छुट्टै रकम जिल्ला विकास समितिलाई प्रत्येक वर्ष उपलब्ध गराउनेछ। यस अन्तर्गत सुविधा पाएका कर्मचारीले जिल्ला विकास समितिको कोषबाट दोहोरो सुविधा प्राप्त गर्न सक्ने छैनन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

(५) श्री ५ को सरकारले विशेष रूपले किटान गरी खर्च गर्न स्वीकृति दिएकोमा बाहेक श्री ५ को सरकारले दिएको अनुदान रकमबाट जिल्ला विकास समितिको आन्तरिक स्रोतको रकम समेतबाट तोकिए बमोजिमको रकम जिल्ला विकास समितिको कर्मचारी कल्याण कोषका नाममा एउटा अक्षय कोष स्थापना गरी जम्मा गरिनेछ। सो कोषको रकम कर्मचारीको कल्याणको लागि तोकिए बमोजिम खर्च हुनेछ।

## परिच्छेद - ९
## जिल्ला स्तरीय योजना सम्बन्धमा अन्य निकायको काम, कर्तव्य

५२. सम्बन्धित मन्त्रालयले पालन गर्नु पर्ने कुराहरू : (१) प्रत्येक वर्ष स्थानीय स्तरमा गरिने विकास निर्माणको कार्यहरूलाई जिल्ला स्तरीय कार्यक्रम भनी नतोकिएको भए सम्बन्धित मन्त्रालयले तोक्नु पर्नेछ।

(२) जिल्ला स्तरीय विकास कार्यक्रमहरूको आगामी वर्षको अनुदानको अनुमान तोकिएको समय भित्र स्थानीय विकाससंग सम्बन्धित कार्यालयहरूलाई पठाई दिनु पर्नेछ।

(३) जिल्ला स्तरीय कार्यक्रम संचालन गर्ने सम्बन्धित मन्त्रालयहरूले जिल्ला विकास समितिलाई प्राविधिक रूपमा सक्षम बनाउन आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) सम्बन्धित मन्त्रालयले जिल्ला-स्तरीय कार्यक्रमहरूका लागि दिइने रकम बारे सम्बन्धित जिल्ला विकास समितिलाई जानकारी दिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) विषय नतोकी जिल्ला विकास समितिमा पठाइने वार्षिक अनुदान स्थानीय विकास मन्त्रालयले पठाउनु पर्नेछ।

५३. <u>राष्ट्रिय योजना आयोगले सहयोग गर्नु पर्ने</u> : (१) जिल्ला विकास समितिबाट संचालन हुने कार्यक्रमहरूलाई सुव्यवस्थित गर्न राष्ट्रिय योजना आयोगले सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनु पर्नेछ।

(२) जिल्लास्तरीय भनि विषयगत कार्यक्रमका लागि छुट्याइएको रकमको जानकारी सम्बन्धित जिल्ला विकास समितिलाई दिनु पर्नेछ।

५४. <u>जिल्ला प्रशासन कार्यालयले पालन गर्नु पर्ने कुराहरु</u> : (१) जिल्ला स्तरीय कार्यक्रम सम्बन्धमा आवश्यक समन्वय गर्न र सहयोग जुटाउन जिल्ला विकास समितिले माग गरेका बखत जिल्ला प्रशासन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(२) जिल्ला परिषदबाट तोकिएको कर, दस्तुर, शुल्क, महसुल, सेवा शुल्क तथा जिल्ला विकास समितिको बाँकी बक्यौता कसैले नबुझाएमा जिल्ला प्रशासन कार्यालयले सरकारी बाँकी सरह असूल उपर गराई दिनु पर्नेछ।

५५. <u>कोष तथा लेखा नियन्त्रक कार्यालयले पालन गर्नु पर्ने कुराहरू</u> : (१) कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला स्तरीय योजना स्वीकृत भएको जानकारी प्राप्त भएपछि सचिवको सिफारिशमा सम्बन्धित आयोजनाहरूलाई रकम निकासा दिनु पर्नेछ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला परिषदबाट स्वीकृत बजेट र कार्यक्रमको आधारमा आन्तरिक लेखापरीक्षण गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला विकास समितिको आन्तरिक स्रोत र अनुदान रकमको फाँटवारी लिनु पर्नेछ र आय व्ययको विवरण चौमासिक रूपमा पेश गर्न लगाउनु पर्नेछ।

## परिच्छेद - १०
## श्री ५ को सरकारको अधिकार

५६. निर्देशन दिन सक्ने : (१) जिल्ला विकास समितिलाई देहाय बमोजिम गर्न श्री ५ को सरकारले निर्देशन दिन सक्नेछ :-

(क) सार्वजनिक हितको लागि ठेक्का पट्टा, कर, दस्तूर, महशूल, शुल्क हटाउन, घटाउन वा तोड्न।

(ख) जिल्ला विकास समितिको कार्य तथा जिन्सी स्रेस्ता निरीक्षण गराउन ।

(२) श्री ५ को सरकारको निर्देशन पालन गर्नु सम्बन्धित जिल्ला विकास समितिको कर्तव्य हुनेछ।

५७. छानबीन गर्न सक्ने : (१) कुनै जिल्ला विकास समितिको रकम दुरुपयोग, हिनामिना, वा भ्रष्टाचार भएमा वा सार्वजनिक चासोको विषयमा श्री ५ को सरकारले छानबीन गर्न आवश्यक देखेमा छानबीन टोली पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबीन टोलीले पेश गरेको प्रतिवेदनका आधारमा श्री ५ को सरकारले आवश्यक कारवाही गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा पर्ने छैन।

५८. <u>निलम्बन र भङ्ग गर्न सक्ने</u> : (१) कुनै जिल्ला विकास समितिले देहायका कुनै काम कारवाही गरेकोछ भन्ने श्री ५ को सरकारलाई लागेमा सो उल्लेख गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो जिल्ला विकास समितिलाई निलम्बन गर्न सक्नेछ :-

(क) नेपाल अधिराज्यको संविधान, २०४७ विपरित हुने काम कारवाही गरेमा,

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता वा साम्प्रदायिक सद्भावनामा आँच आउने कुनै काम कारवाही गरेमा,

(ग) अधिकारको दुरूपयोग गरेमा,

(घ) जिल्ला विकास समितिको सम्पत्ति वा आय हिनामिना गरी भ्रष्टाचार गरेको ठहर भएमा।

(२) उपदफा (१) बमोजिम कुनै जिल्ला विकास समितिलाई निलम्बन गर्नु अघि विशेष गम्भीर परिस्थितिमा बाहेक त्यसरी निलम्बन नगर्नु पर्ने कारण भए सो प्रस्तुत गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(३) उपदफा (१) बमोजिम निलम्बन गरेकोमा जिल्ला विकास समितिले गर्ने काम कारवाही गर्ने गरी श्री ५ को सरकारले अधिकारी तोक्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको जिल्ला विकास समितिको सम्बन्धमा तीन महीना भित्र तोकिए बमोजिम छानबीन गरी कारवाही किनारा लगाई सक्नु पर्नेछ। सो म्याद भित्र कारवाही किनारा नभएमा त्यस्तो निलम्बन स्वतः निष्कृय हुनेछ।

(५) उपदफा (४) बमोजिम छानबीन गर्दा पर्याप्त कारणहरु भएमा त्यस्तो जिल्ला विकास समितिलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी भङ्ग गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै जिल्ला विकास समितिलाई भङ्ग गरिएमा कारण सहितको विवरण संसदको दुवै सदनमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम भङ्ग भएको जिल्ला विकास समितिका सदस्यहरुको निर्वाचन भङ्ग भएको मितिले एक वर्ष भित्र गरी सक्नु पर्नेछ। निर्वाचन नभएसम्मलाई त्यस्तो जिल्ला विकास समितिले गर्ने काम कारवाही गर्ने गराउने व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

५९. म्याद थप गर्न सक्ने : विशेष परिस्थितिबस जिल्ला विकास समितिको सदस्यहरुको समयमा निर्वाचन हुन नसकेमा श्री ५ को सरकारले बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

६०. पारिश्रमिक तोक्ने : श्री ५ को सरकारले सभापति र उपसभापतिको पारिश्रमिक तोक्न सक्नेछ।

६१. जिल्ला विकास समितिको काम कारवाहीमा गतिरोध पैदा भएमा : कुनै कारणले जिल्ला विकास समितिको काम कारवाहीमा गतिरोध पैदा भएमा श्री ५ को सरकारबाट निर्देशन प्राप्त गरी समस्या समाधान गर्न सकिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद - ११
दण्ड सजाय

६२. जिल्ला विकास समितिले सजाय गर्न सक्ने : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा आदेश बर्खिलाप गरी कसैले कुनै काम गरेमा जिल्ला विकास समितिले एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ। सोही अपराध पटक पटक गरेमा पटकै पिच्छे उक्त जरिवानाको रकममा शत प्रतिशत थपी जिल्ला विकास समितिले जरिवाना गर्न सक्नेछ।

(२) कसैले जानी जानी वा लापरवाहीले जिल्ला विकास समितिको जिम्मामा रहेको सम्पत्ति अधिकार प्राप्त अधिकारीको इजाजत बेगर फेर बदल गरेमा वा हिनामिना वा नोक्सान गरेमा वा गर्न लगाएमा जिल्ला विकास समितिले त्यस्तो हानी नोक्सानी समेत सो व्यक्तिबाट असूल उपर गर्न सक्नेछ।

परिच्छेद - १२
विविध

६३. अधिकार सुम्पन सक्ने : (१) श्री ५ को सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्त बन्देजका अधीनमा रही प्रयोग गर्ने गरी सुम्पन सक्नेछ।

(२) यस ऐन बमोजिम जिल्ला विकास समितिले आफूलाई प्राप्त भएको सम्पूर्ण प्रशासनिक अधिकार कुनै अधिकृतलाई तोकिएको शर्त बन्देजका अधीनमा रही प्रयोग गर्ने गरी सुम्पन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्रदान गरिएको अधिकार जुनसुकै बखत अधिकार प्रदान गर्ने निकायले झिक्न सक्नेछ।

६४. रकम कलम उठाई दिने : जिल्ला विकास समितिले कसैको रकम कलम उठाई दिएमा उठेको रकमबाट तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

६५. स्थानीय प्रशासन र प्रहरीले सहयोग गर्नु पर्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम वा जिल्ला विकास समितिको निर्णय पालना गराउन सहयोग माग भएमा स्थानीय प्रशासन र प्रहरीले आवश्यक सहयोग गर्नु पर्नेछ।

६६. नियम र विनियम बनाउने : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरी देहायका विषयहरूमा नियम बनाउन सक्नेछन्:-

(क) विकेन्द्रीकरण सम्बन्धमा व्यवस्था गर्ने बारे,

(ख) जिल्ला विकास समितिका कर्मचारीहरूको नियुक्ति बर्खासी र तिनीहरूको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था गर्ने बारे,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्लास्तरीय योजना प्रकृया सम्बन्धी व्यवस्था गर्ने बारे,

(घ) जिल्ला विकास सम्बन्धी प्रशासनिक एवं अन्य आर्थिक कार्यविधिको व्यवस्था गर्ने बारे।

(३) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही जिल्ला विकास समितिले आफ्नो काम, कर्तव्य पालन गराउन विनियम बनाउन सक्नेछ। सो विनियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

६७. सम्पत्ति र दायित्व सर्ने : यो ऐन प्रारम्भ भएपछि जिल्ला विकास समिति ऐन, २०४७ बमोजिम गठित जिल्ला विकास समितिको सम्पत्ति र दायित्व यस ऐन बमोजिम गठित जिल्ला विकास समितिमा सर्नेछ।

६८. काम कारवाही बदर नमानिने : यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला विकास समितिको गठनमा कुनै त्रुटी वा कुनै सदस्यको स्थान रिक्त भई काम कारवाही भएको रहेछ भने त्यस्तो कारणले मात्र जिल्ला विकास समितिको काम कारवाही बदर हुने छैन।

६९. खारेजी : जिल्ला विकास समिति ऐन, २०४७ खारेज गरिएकोछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७०. रूपान्तर : प्रचलित कानूनमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन् :-

(क) "जिल्ला सभा" को सट्टा "जिल्ला परिषद्"

(ख) "जिल्ला पंचायत" को सट्टा "जिल्ला विकास समिति"

लालमोहर सदर मिति :- २०४८।१२।२६।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

9450



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।